# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

## निजामती सेवाका राजपत्रांकित तृतीय श्रेणी तथा राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (प्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ५३६/०८१-८२** **प्रकाशन मितिः २०८१/७/२८**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणीका देहायका प्राविधिक पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/९/२ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट **www.psc.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा तथा राष्ट्रिय मानव अधिकार सेवाको लागि राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछ।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ङ) दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालिन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. फाराम पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ।

(छ) दरखास्त दस्तुर रु.१२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।

| क.सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १३१/०८१-८२ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | ४ (चार) |
| २. | १३२/०८१-८२ | इञ्जिनियर, इन्जि., सिभिल, जनरल | ४ (चार) |
| ३. | १३३/०८१-८२ | इञ्जिनियर, इन्जि., सिभिल, हाइवे | ३ (तीन) |
| ४. | १३४/०८१-८२ | इञ्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | २ (दुई) |
| ५. | १३५/०८१-८२ | इञ्जिनियर, इन्जि., सिभिल, बि. एण्ड आ. | ७ (सात) |
| ६. | १३६/०८१-८२ | इञ्जिनियर, इन्जि., सिभिल, इरिगेशन | २ (दुई) |
| ७. | १३७/०८१-८२ | इञ्जिनियर, इन्जि., सिभिल, हाइड्रोपावर | १ (एक) |
| ८. | १३८/०८१-८२ | इलेक्ट्रिकल इञ्जिनियर, इन्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | १ (एक) |
| ९. | १३९/०८१-८२ | इलेक्ट्रोनिक इञ्जिनियर, इन्जि., इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन | १ (एक) |
| १०. | १४०/०८१-८२ | मेटेरियोलोजिष्ट, इन्जि., मेटेरियोलोजी | १ (एक) |
| ११. | १४१/०८१-८२ | जियोलोजिष्ट/सिस्मोलोजिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी | १ (एक) |
| १२. | १४२/०८१-८२ | नापी अधिकृत, इन्जि., सर्भे | ४ (चार) |
| १३. | १४३/०८१-८२ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | २ (दुई) |
| १४. | १४४/०८१-८२ | बागवानी विकास अधिकृत, कृषि, बागवानी | ४ (चार) |
| १५. | १४५/०८१-८२ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | १ (एक) |
| १६. | १४६/०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड डे.डे. | ३ (तीन) |
| १७. | १४७/०८१-८२ | बाली विकास अधिकृत, कृषि, बाली विकास | ४ (चार) |
| १८. | १४८/०८१-८२ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | ६ (छ) |
| १९. | १४९/०८१-८२ | कृषि अर्थ विज्ञ, कृषि, एग्री इको. एण्ड मार्केटिङ्ग | ३ (तीन) |
| २०. | १५०/०८१-८२ | माटो विज्ञ, कृषि, माटो विज्ञान | १ (एक) |
| २१. | १५१/०८१-८२ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ४ (चार) |
| २२. | १५२/०८१-८२ | कृषि इञ्जिनियर, कृषि, एग्री. इञ्जिनियरिङ्ग | १ (एक) |
| २३. | १५३/०८१-८२ | खाद्य अनुसन्धान अधिकृत/सहायक पोषण अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | ४ (चार) |
| २४. | १५४/०८१-८२ | संरक्षण अधिकृत, वन, ने.पा.एण्ड वा.ला. | १ (एक) |
| २५. | १५५/०८१-८२ | वातावरण निरीक्षक, वन, वातावरण | १ (एक) |

| क्र.सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| २६. | १५६/०८१-८२ | कम्प्युटर अधिकृत, विविध | ४ (चार) |
| २७. | १५७/०८१-८२ | कम्प्युटर इन्जिनियर, विविध | ७ (सात) |
| २८. | १५८/०८१-८२ | महिला विकास अधिकृत, विविध | १ (एक) |
| २९. | १५९/०८१-८२ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | ६ (छ) |
| ३०. | १६०/०८१-८२ | पाठ्यक्रम अधिकृत, शिक्षा, शिक्षा प्रशासन, सामाजिक | १ (एक) |
| ३१. | १६१/०८१-८२ | पाठ्यक्रम अधिकृत, शिक्षा, शिक्षा प्रशासन, विज्ञान | १ (एक) |
| ३२. | १६२/०८१-८२ | पुरातत्त्व अधिकृत, शिक्षा, पुरातत्त्व, पुरातत्त्व | १ (एक) |
| | राष्ट्रिय मानव अधिकार सेवातर्फः | | |
| १. | १६३/०८१-८२ | सूचना प्रविधि अधिकृत, राष्ट्रिय मानव अधिकार, प्राविधिक | १ (एक) |

# स्वास्थ्य सेवाका सातौं तहका पदहरुमा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ५३७/०८१-८२** **प्रकाशन मितिः २०८१/७/२८**

कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा ८(१) तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/९/२ सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) स्वास्थ्य सेवा ऐ., २०५३ को दफा २७ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ख) दरखास्त साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर वृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नुपर्नेछ।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(च) दरखास्त दस्तुर रु.१२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।

| क्र.सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १६४/०८१-८२ | माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी | १ (एक) |
| २. | १६५/०८१-८२ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | १ (एक) |

# राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक), संघीय संसद तथा स्वास्थ्य सेवाका आठौं र सातौं तहका पदहरुका लागि आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ५३८/०८१-८२** **प्रकाशन मितिः २०८१/७/२८**

निजामती सेवा तथा स्वास्थ्य सेवातर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका आ.प्र., खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली **psconline1.psc.gov.np** मार्फत् आवेदन दिनुपर्नेछ।

**(क) निजामती सेवातर्फः राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक)**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पुनः विज्ञापन पद संख्या | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम (समय : बिहान ९:०० बजे) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७२६१/०८१-८२ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | ६ (छ) | ६ (छ) | २०८१।१०।१६ | २०८१।१०।१७ |
| २. | १७२६२/०८१-८२ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | महिला | - | १ (एक) | १ (एक) | | |
| ३. | १७२६३/०८१-८२ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ४. | १७२६४/०८१-८२ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ५. | १७२६५/०८१-८२ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | १७२६६/०८१-८२ | क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | खुला | - | ६ (छ) | ६ (छ) | २०८१।१०।१८ | २०८१।१०।१९ |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | | - | ४ (चार) | ४ (चार) | | |
| | | ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | - | २ (दुई) | २ (दुई) | | |
| | | घ. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन | | - | २ (दुई) | २ (दुई) | | |
| | | ङ इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **१५ (पन्ध्र)** | **१५ (पन्ध्र)** | | |
| ७. | १७२६७/०८१-८२ | क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | महिला | - | १ (एक) | १ (एक) | | |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | | - | १ (एक) | १ (एक) | | |
| | | ग. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | - | १ (एक) | १ (एक) | | |
| | | घ. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **४ (चार)** | **४ (चार)** | | |
| ८. | १७२६८/०८१-८२ | क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | | - | १ (एक) | १ (एक) | | |
| | | ग. इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **३ (तीन)** | **३ (तीन)** | | |
| ९. | १७२६९/०८१-८२ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | मधेशी | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **१ (एक)** | **१ (एक)** | | |
| १०. | १७२७०/०८१-८२ | क. इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **२ (दुई)** | **२ (दुई)** | | |
| ११. | १७२७१/०८१-८२ | इञ्जिनियर, इञ्जि., सिभिल, बि. एण्ड आ. | खुला | - | ८ (आठ) | ८ (आठ) | २०८१।१०।२० | २०८१।१०।२१ |
| १२. | १७२७२/०८१-८२ | इञ्जिनियर, इञ्जि., सिभिल, बि. एण्ड आ. | महिला | - | २ (दुई) | २ (दुई) | | |
| १३. | १७२७३/०८१-८२ | इञ्जिनियर, इञ्जि., सिभिल, बि. एण्ड आ. | आ.ज. | - | २ (दुई) | २ (दुई) | | |
| १४. | १७२७४/०८१-८२ | इञ्जिनियर, इञ्जि., सिभिल, बि. एण्ड आ. | मधेसी | - | २ (दुई) | २ (दुई) | | |
| १५. | १७२७५/०८१-८२ | इञ्जिनियर, इञ्जि., सिभिल, बि. एण्ड आ. | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |
| १६. | १७२७६/०८१-८२ | इलेक्ट्रिकल इञ्जिनियर, इञ्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | खुला | - | १ (एक) | १ (एक) | २०८१।१०।२२ | २०८१।१०।२३ |
| १७. | १७२७७/०८१-८२ | इलेक्ट्रिकल इञ्जिनियर, इञ्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| १८. | १७२७८/०८१-८२ | इलेक्ट्रोनिक इञ्जिनियर, इञ्जि., इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इञ्जिनियरिङ्ग | मधेसी | १ (एक) | - | १ (एक) | २०८१।१०।२४ | २०८१।१०।२५ |
| १९. | १७२७९/०८१-८२ | मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल इञ्जिनियरिङ्ग, जनरल मेकानिकल इञ्जिनियरिङ्ग | अपाङ्ग | १ (एक) | - | १ (एक) | २०८१।१०।२७ | २०८१।१०।२८ |
| २०. | १७२८०/०८१-८२ | एरोनोटिकल इञ्जिनियर, इञ्जि., एरोनोटिकल इन्जिनियरिङ्ग | आ.ज. | - | १ (एक) | १ (एक) | २०८१।१०।२९ | २०८१।१०।३० |
| २१. | १७२८१/०८१-८२ | केमिकल इञ्जिनियर, इञ्जि., केमिकल इन्जिनियरिङ्ग | खुला | - | १ (एक) | १ (एक) | २०८१।११।१ | २०८१।११।२ |
| २२. | १७२८२/०८१-८२ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी | खुला | १ (एक) | - | १ (एक) | २०८१।११।३ | २०८१।११।४ |
| २३. | १७२८३/०८१-८२ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी | मधेसी | १ (एक) | - | १ (एक) | | |
| २४. | १७२८४/०८१-८२ | जियोलोजिष्ट/सिस्मोलोजिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी | खुला | - | १ (एक) | १ (एक) | २०८१।११।५ | २०८१।११।६ |
| २५. | १७२८५/०८१-८२ | जियोलोजिष्ट/सिस्मोलोजिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी | मधेसी | - | १ (एक) | १ (एक) | | |
| २६. | १७२८६/०८१-८२ | इञ्जिनियरिङ्ग जियोलोजिष्ट, इञ्जि., जियोलोजी, इञ्जिनियरिङ्ग जियोलोजी | अपाङ्ग | १ (एक) | - | १ (एक) | | |
| २७. | १७२८७/०८१-८२ | नापी अधिकृत, इञ्जि., सर्भे | खुला | - | ६ (छ) | ६ (छ) | २०८१।११।८ | २०८१।११।९ |
| २८. | १७२८८/०८१-८२ | नापी अधिकृत, इञ्जि., सर्भे | महिला | - | १ (एक) | १ (एक) | | |
| २९. | १७२८९/०८१-८२ | नापी अधिकृत, इञ्जि., सर्भे | आ.ज. | - | २ (दुई) | २ (दुई) | | |
| ३०. | १७२९०/०८१-८२ | नापी अधिकृत, इञ्जि., सर्भे | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ३१. | १७२९१/०८१-८२ | नापी अधिकृत, इञ्जि., सर्भे | दलित | - | १ (एक) | १ (एक) | | |
| ३२. | १७२९२/०८१-८२ | केमिष्ट, इञ्जि., केमिष्ट्री | खुला | १ (एक) | १ (एक) | २ (दुई) | २०८१।११।१० | २०८१।११।११ |
| ३३. | १७२९३/०८१-८२ | केमिष्ट, इञ्जि., केमिष्ट्री | मधेसी | १ (एक) | - | १ (एक) | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४. | १७२९४/०८१-८२ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | खुला | - | २ (दुई) | २ (दुई) | २०८१।११।१२ | २०८१।११।१३ |
| | | ख. बागवानी विकास अधिकृत, कृषि, बागवानी | | - | ४ (चार) | ४ (चार) | | |
| | | ग. बाली विकास अधिकृत, कृषि, बाली विकास | | - | ५ (पाँच) | ५ (पाँच) | | |
| | | घ. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | | - | ८ (आठ) | ८ (आठ) | | |
| | | ङ. माटो विज्ञ, कृषि, माटो विज्ञान | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | - | **२० (बीस)** | **२० (बीस)** | | |
| ३५. | १७२९५/०८१-८२ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | महिला | - | १ (एक) | १ (एक) | | |
| | | ख. बागवानी विकास अधिकृत, कृषि, बागवानी | | - | १ (एक) | १ (एक) | | |
| | | ग. बाली विकास अधिकृत, कृषि, बाली विकास | | - | १ (एक) | १ (एक) | | |
| | | घ. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | | - | २ (दुई) | २ (दुई) | | |
| | | ङ. माटो विज्ञ, कृषि, माटो विज्ञान | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | - | **६ (छ)** | **६ (छ)** | | |
| ३६. | १७२९६/०८१-८२ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| | | ख. बागवानी विकास अधिकृत, कृषि, बागवानी | | - | १ (एक) | १ (एक) | | |
| | | ग. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | | - | २ (दुई) | २ (दुई) | | |
| | | **जम्मा** | | - | **४ (चार)** | **४ (चार)** | | |
| ३७. | १७२९७/०८१-८२ | क. बागवानी विकास अधिकृत, कृषि, बागवानी | मधेसी | - | १ (एक) | १ (एक) | | |
| | | ख. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | | - | १ (एक) | १ (एक) | | |
| | | ग. माटो विज्ञ, कृषि, माटो विज्ञान | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **३ (तीन)** | **३ (तीन)** | | |
| ३८. | १७२९८/०८१-८२ | क. बाली विकास अधिकृत, कृषि, बाली विकास | दलित | - | १ (एक) | १ (एक) | | |
| | | ख. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **२ (दुई)** | **२ (दुई)** | | |
| ३९. | १७२९९/०८१-८२ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा** | | | **१ (एक)** | **१ (एक)** | | |
| ४०. | १७३००/०८१-८२ | कृषि अर्थ विज्ञ, कृषि, एग्रृ इको. एण्ड मार्केटिङ्ग | खुला | - | २ (दुई) | २ (दुई) | | |
| ४१. | १७३०१/०८१-८२ | कृषि अर्थ विज्ञ, कृषि, एग्रृ इको. एण्ड मार्केटिङ्ग | महिला | - | १ (एक) | १ (एक) | | |
| ४२. | १७३०२/०८१-८२ | कृषि अर्थ विज्ञ, कृषि, एग्रृ इको. एण्ड मार्केटिङ्ग | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ४३. | १७३०३/०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | खुला | - | ३ (तीन) | ३ (तीन) | २०८१।११।१५ | २०८१।११।१६ |
| ४४. | १७३०४/०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | महिला | - | १ (एक) | १ (एक) | | |
| ४५. | १७३०५/०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ४६. | १७३०६/०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ४७. | १७३०७/०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |
| ४८. | १७३०८/०८१-८२ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | खुला | - | ५ (पाँच) | ५ (पाँच) | २०८१।११।१७ | २०८१।११।१८ |
| ४९. | १७३०९/०८१-८२ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | महिला | - | १ (एक) | १ (एक) | | |
| ५०. | १७३१०/०८१-८२ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ५१. | १७३११/०८१-८२ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | दलित | - | १ (एक) | १ (एक) | | |
| ५२. | १७३१२/०८१-८२ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | अपाङ्ग | - | १ (एक) | १ (एक) | | |
| ५३. | १७३१३/०८१-८२ | कृषि इञ्जिनियर, कृषि, एग्री इञ्जिनियरिङ्ग | खुला | - | १ (एक) | १ (एक) | २०८१।११।१९ | २०८१।११।२० |
| ५४. | १७३१४/०८१-८२ | कृषि इञ्जिनियर, कृषि, एग्री इञ्जिनियरिङ्ग | महिला | | १ (एक) | १ (एक) | | |
| ५५. | १७३१५/०८१-८२ | खाद्य अनुसन्धान अधिकृत/सहायक पोषण अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | खुला | - | ४ (चार) | ४ (चार) | २०८१।११।२१ | २०८१।११।२२ |
| ५६. | १७३१६/०८१-८२ | खाद्य अनुसन्धान अधिकृत/सहायक पोषण अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | महिला | - | २ (दुई) | २ (दुई) | | |
| ५७. | १७३१७/०८१-८२ | खाद्य अनुसन्धान अधिकृत/सहायक पोषण अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ५८. | १७३१८/०८१-८२ | खाद्य अनुसन्धान अधिकृत/सहायक पोषण अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ५९. | १७३१९/०८१-८२ | वैज्ञानिक अधिकृत, वन, बोटानी | खुला | - | १ (एक) | १ (एक) | २०८१।११।२५ | २०८१।११।२६ |
| ६०. | १७३२०/०८१-८२ | संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला. | खुला | - | २ (दुई) | २ (दुई) | २०८१।११।२७ | २०८१।११।२८ |
| ६१. | १७३२१/०८१-८२ | संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला. | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ६२. | १७३२२/०८१-८२ | वातावरण निरीक्षक, वन, वातावरण | खुला | - | १ (एक) | १ (एक) | पछि प्रकाशन गरिनेछ । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६३. | १७३२३/०८१-८२ | कम्प्युटर अधिकृत, विविध | खुला | - | ७ (सात) | ७ (सात) | २०८१।१२।२ | २०८१।१२।३ | |
| ६४. | १७३२४/०८१-८२ | कम्प्युटर अधिकृत, विविध | महिला | - | १ (एक) | १ (एक) | | | |
| ६५. | १७३२५/०८१-८२ | कम्प्युटर अधिकृत, विविध | आ.ज. | - | १ (एक) | १ (एक) | | | |
| ६६. | १७३२६/०८१-८२ | कम्प्युटर अधिकृत, विविध | मधेसी | - | १ (एक) | १ (एक) | | | |
| ६७. | १७३२७/०८१-८२ | कम्प्युटर अधिकृत, विविध | पि.क्षे. | - | १ (एक) | १ (एक) | | | |
| ६८. | १७३२८/०८१-८२ | कम्प्युटर इञ्जिनियर, विविध | खुला | - | १० (दश) | १० (दश) | २०८१।१२।४ | २०८१।१२।५ | |
| ६९. | १७३२९/०८१-८२ | कम्प्युटर इञ्जिनियर, विविध | महिला | - | ३ (तीन) | ३ (तीन) | | | |
| ७०. | १७३३०/०८१-८२ | कम्प्युटर इञ्जिनियर, विविध | आ.ज. | - | १ (एक) | १ (एक) | | | |
| ७१. | १७३३१/०८१-८२ | कम्प्युटर इञ्जिनियर, विविध | मधेसी | - | २ (दुई) | २ (दुई) | | | |
| ७२. | १७३३२/०८१-८२ | कम्प्युटर इञ्जिनियर, विविध | दलित | १ (एक) | - | १ (एक) | | | |
| ७३. | १७३३३/०८१-८२ | कम्प्युटर इञ्जिनियर, विविध | पि.क्षे. | - | १ (एक) | १ (एक) | | | |
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| ७४. | १७३३४/०८१-८२ | महिला विकास अधिकृत, विविध | खुला | - | १ (एक) | १ (एक) | २०८१।१२।६ | २०८१।१२।७ | २०८१।१२।८ |
| ७५. | १७३३५/०८१-८२ | समाजशास्त्री, विविध | खुला | - | १ (एक) | १ (एक) | २०८१।१२।९ | २०८१।१२।१० | |
| ७६. | १७३३६/०८१-८२ | अर्थशास्त्री, विविध | खुला | - | १ (एक) | १ (एक) | २०८१।१२।११ | २०८१।१२।१२ | |
| ७७. | १७३३७/०८१-८२ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | खुला | - | ८ (आठ) | ८ (आठ) | प्रथम पत्र २०८१।१२।१३ | द्वितीय पत्र २०८१।१२।१४ | तृतीय पत्र २०८१।१२।१५ |
| ७८. | १७३३८/०८१-८२ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | महिला | - | ३ (तीन) | ३ (तीन) | | | |
| ७९. | १७३३९/०८१-८२ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | आ.ज | - | १ (एक) | १ (एक) | | | |
| ८०. | १७३४०/०८१-८२ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | मधेसी | - | २ (दुई) | २ (दुई) | | | |
| ८१. | १७३४१/०८१-८२ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | अपाङ्ग | - | १ (एक) | १ (एक) | | | |
| ८२. | १७३४२/०८१-८२ | पुस्तकालय अधिकृत, शिक्षा, पुस्तकालय विज्ञान | खुला | - | १ (एक) | १ (एक) | २०८१।१२।१६ | २०८१।१२।१७ | |
| ८३. | १७३४३/०८१-८२ | पुरातत्त्व अधिकृत, शिक्षा, पुरातत्त्व, पुरातत्त्व | महिला | - | १ (एक) | १ (एक) | २०८१।१२।१८ | २०८१।१२।१९ | |
| ८४. | १७३४४/०८१-८२ | मनोविज्ञानवेत्ता, शिक्षा, परीक्षण तथा मूल्याङ्कन, कर्मचारी परीक्षण तथा मूल्याङ्कन | आ.ज. | १ (एक) | - | १ (एक) | २०८१।१२।२० | २०८१।१२।२१ | |

**(ख) संघीय संसद सेवातर्फः**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पुनः विज्ञापन पद संख्या | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम (समय : बिहान ९:०० बजे) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७३४५/०८१-८२ | इलेक्ट्रिकल इन्जिनियर, संघीय संसद, प्राविधिक | महिला | - | १ (एक) | १ (एक) | २०८१।१२।२४ | २०८१।१२।२५ |

**(ग) स्वास्थ्य सेवातर्फः आठौं तह**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पुनः विज्ञापन पद संख्या | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम (समय : बिहान ९:०० बजे) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७३४६/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | खुला | - | ८ (आठ) | ८ (आठ) | २०८१।१२।२२ | २०८१।१२।२३ |
| २. | १७३४७/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | महिला | - | २ (दुई) | २ (दुई) | | |
| ३. | १७३४८/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | आ.ज. | - | २ (दुई) | २ (दुई) | | |
| ४. | १७३४९/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | मधेशी | - | २ (दुई) | २ (दुई) | | |
| ५. | १७३५०/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | दलित | - | १ (एक) | १ (एक) | | |
| ६. | १७३५१/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | अपाङ्ग | - | १ (एक) | १ (एक) | | |

**(घ) स्वास्थ्य सेवातर्फः सातौं तह**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पुनः विज्ञापन पद संख्या | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम (समय : बिहान ९:०० बजे) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७३५२/०८१-८२ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | आ.प्र. | - | १ (एक) | १ (एक) | २०८१।१२।२६ | २०८१।१२।२७ |
| २. | १७३५३/०८१-८२ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | खुला | - | १ (एक) | १ (एक) | | |
| ३. | १७३५४/०८१-८२ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | दलित | - | १ (एक) | १ (एक) | | |
| ४. | १७३५५/०८१-८२ | पोषण अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | खुला | - | १ (एक) | १ (एक) | २०८१।१२।२८ | २०८१।१२।२९ |
| ५. | १७३५६/०८१-८२ | इन्टोमोलोजिष्ट, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | खुला | - | १ (एक) | १ (एक) | | |

**विज्ञापनसम्बन्धी विशेष सूचनाः-**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने संघीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण भएबमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम विज्ञापन सूचना प्रकाशन गरिएको छ।

**परीक्षाको किसिमः-** पाठ्यक्रममा तोकिए बमोजिम लिखित, सामूहिक परीक्षण र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** काठमाडौं। (नेपाल शिक्षा सेवाका शिक्षा प्रशासन समूह अन्तर्गतका पदहरु र नेपाल इन्जिनियरिङ्ग सेवाका सिभिल समूह अन्तर्गतका पदहरुको लिखित परीक्षा आयोगको धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरुमा सञ्चालन हुनेछ।)

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.१,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ। एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह/किसिम प्रत्येकका लागि रु.४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/८/१८ र दोब्बर दस्तुर तिरी २०८१/८/२५ सम्म।

**उम्मेदवारको उमेरको हदः-**

- ☞ निजामती सेवातर्फका पदहरुको हकमा २०८१/८/१८ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।
- ☞ स्वास्थ्य सेवातर्फका पदहरुको हकमा २०८१/८/१८ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।
- ☞ निजामती सेवाका पदमा बहालवाला स्थायी निजामती कर्मचारी र राष्ट्रिय मानव अधिकार सेवाका पदमा राष्ट्रिय मानव अधिकार आयोगका वहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन।
- ☞ सम्मानित सर्वोच्च अदालतको मिति २०७९।१०।२० गतेको अन्तरिम आदेश बमोजिम उक्त मुद्दाको अन्तिम टुंगो नलागेसम्मका लागि लोक सेवा आयोगले मिति २०७६।२।१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएको परीक्षाबाट सिफारिस भई हाल कार्यरत बहालवाला सरकारी कर्मचारीलाई समेत निजामती सेवाका विज्ञापित पदमा उमेर हद लाग्ने छैन । यस्ता उम्मेदवारले सो व्यहोराको निवेदन अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा अपलोड गर्नुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८१/८/२६ गतेसम्म (कार्यालय समयभित्र)।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह, उपसमूहसम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरु।

# आवश्यक न्यूनतम योग्यता

## क) स्वास्थ्य सेवा, आ.प्र. तर्फका पदका लागि

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा २६ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ (संशोधन सहित) को नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको तथा ऐनको दफा २७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (१) समेतका आधारमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४ को उपनियम ६ तथा अनुसूची ७ मा उल्लेख भए बमोजिमका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

१. **स्वास्थ्य, फार्मेसी, फार्मेसी अधिकृत, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक तह उत्तीर्ण।

## (ख) खुलाको लागि

**(अ) निजामती सेवातर्फ**

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

१. **आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्कः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

२. **इन्जि., सिभिल, जनरलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

३. **इन्जि., सिभिल, हाइवेः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा ट्रान्सपोर्टेशन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण।

४. **इन्जि., सिभिल, स्यानिटरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा बी.ई.वा सो सरह उत्तीर्ण।

५. **इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर वा सिभिल वा विल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

६. **इन्जि., सिभिल, इरिगेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

७. **इन्जि., सिभिल, हाइड्रोपावरः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा सिभिल एण्ड इनभारोमेन्टल इन्जिनियरिङ्ग वा हाइड्रोपावर इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

८. **इन्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल इञ्जिनियरिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ्गमा बी.ई. वा सो सरह उत्तीर्ण वा कम्तीमा इलेक्ट्रीक मेशिन, पावर सिस्टम, कन्ट्रोल सिस्टम, पावर इलेक्ट्रोनिक्स, स्वीच गियर एण्ड प्रोटेक्सन, पावर सर्किट थ्योरी एण्ड नेटवर्क विषयहरु लिई इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल एण्ड कम्प्युटर इञ्जिनियरिङ्ग विषयमा बी.एस्सी वा बी.ई. वा बी.टेक. वा सो सरह उत्तीर्ण।

९. **इलेक्ट्रोनिक इञ्जिनियर, इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशनः-** कुनै विषयमा स्नातक भएको र आई.सी.ए.ओ. बाट मान्यता प्राप्त स्तरको एरोनटिकल रेडियो मेन्टेनेन्स तालिम प्राप्त वा एरोनटिकल रेडियो मेन्टेनेन्समा डिप्लोमा वा बी.ई. रेडियो इञ्जिनियरिङ्ग वा टेलिकम्यूनिकेशन इञ्जिनियरिङ्ग वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्ग वा एयर नेभिगेशन इञ्जिनियरिङ्ग वा सो सरह उत्तीर्ण।

१०. **इञ्जि., मेकानिकल इञ्जिनियरिङ्ग, जनरल मेकानिकल इञ्जिनियरिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इञ्जिनियरिङ्ग वा अटोमोवाइल इञ्जिनियरिङ्ग वा इण्डस्ट्रियल इञ्जिनियरिङ्गमा बी.ई. सो सरह उत्तीर्ण।

११. **एरोनोटिकल इञ्जिनियर, इन्जि., एरोनोटिकल इन्जिनियरिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एरोनोटिकल इञ्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

१२. **इन्जि., केमिकल इञ्जिनियरिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा केमिकल टेक्नोलोजी विषयमा बी.टेक. वा सो सरह उत्तीर्ण वा पेट्रोलियम टेक्नोलोजी एण्ड म्यानेजमेन्ट विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण।

१३. **इन्जि., मेटेरियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा बी.एस्सी. वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्ट्याण्डर्ड अनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त।

१४. **इन्जि., जियोलोजी, जनरल जियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी र एप्लाइड जियोलोजी वा इन्जिनियरिङ्ग जियोलोजी वा हाइड्रो जियोलोजी वा जियो केमिष्ट्री वा जियोलोजिकल इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण।

१५. **इन्जि., जियोलोजी, इन्जिनियरिङ्ग जियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग जियोलोजी विषयमा इन्जिनियरिङ्ग जियोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा हाइड्रो जियोलोजी वा एप्लाइड जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ्गमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ्गमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी इन्जिनियरिङ्ग जियोलोजी सम्बन्धी विषयमा ३ (तीन) महिनाको तालिम प्राप्त।

१६. **इञ्जि., सर्भेः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इञ्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको। ***मिति २०६८।७।२१*** *मा प्रकाशित राजपत्र भाग ५ को सूचना बमोजिम सम्वत् २०६८ साल भदौ १२ गतेको राजपत्रमा शैक्षिक योग्यता सम्बन्धी सूचना प्रकाशित हुनु अघि इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।*

१७. **इन्जि., केमिष्ट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिष्ट्री विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण।

१८. **कृषि, कृषि प्रसारः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण।

१९. **कृषि, बागवानीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण।

२०. **कृषि, बाली विकासः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण।

२१. **कृषि, बाली संरक्षणः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण।

२२. **कृषि, एगृ इको. एण्ड मार्केटिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ. विजिनेस मुख्य विषय लिई स्नातक तह(बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण।

२३. **कृषि, माटो विज्ञानः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण।

२४. **कृषि, ला.पो. एण्ड डे.डे.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी. उत्तीर्ण वा बी.टेक. (डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए.एच. वा बी.भी.एस्सी./ डि.भि.एम. वा बि.टेक.एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण।

२५. **कृषि, भेटेरिनरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी.एस्सी. एण्ड ए.एच.वा बि.भी.एस्सी. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको।

२६. **कृषि, एगृ इञ्जिनियरिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इञ्जिनियरिङ्ग विषयमा स्नातक तह (बी.एस्सी.ए.जी.इञ्जि.) वा सो सरह उत्तीर्ण।

२७. **कृषि, खा.पो. तथा गु.नि.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ वर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इञ्जिनियरिङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्नोलोजी/खाद्य माइक्रोवायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य वायोकेमिष्ट्री/मानव पोषण विषयहरुमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण।

***कृषि सेवाका विभिन्न समूहः****-मिति २०६९।८।२५ मा प्रकाशित नेपाल राजपत्र भाग ५ को सूचना बमोजिम स्पष्टीकरणमा उल्लेख भए बमोजिम "माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ।*

२८. **वन, वोटानीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय वोटानी लिई विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

२९. **वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्कस् एण्ड रिक्रियसन वा प्राकृतिक श्रोत व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

३०. **वातावरण निरीक्षक, वन, वातावरणः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग विषयमा कम्तीमा चार वर्षको स्नातक तह वा सो सरह उत्तीर्ण

३१. **विविध, कम्प्युटर अधिकृतः-** कम्प्युटर साइन्समा स्नातक वा कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्युटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञानमा (फिजिकल) स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिसिस् डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तीमा ९ महिनाको डिप्लोमा प्राप्त।

३२. **विविध, कम्प्युटर इञ्जिनियरः-** कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।

३३. **विविध, महिला विकास अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण।

३४. **विविध, समाजशास्त्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्र वा मानवशास्त्रमा स्नातकोत्तर उत्तीर्ण।

३५. **विविध, अर्थशास्त्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्रमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त।

३६. **शिक्षा, शिक्षा प्रशासन, निरीक्षणः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

३७. **शिक्षा, पुस्तकालय विज्ञानः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातक वा स्नातक वा सो सरह उत्तीर्ण भई पुस्तकालय विज्ञानमा मान्यता प्राप्त संस्थाबाट घटीमा ६ महिने तालिम।

३८. **शिक्षा, पुरातत्त्व, पुरातत्त्वः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुरातत्त्व स्नातक वा सो सरह उत्तीर्ण वा इतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा स्नातक वा सो सरह भई पुरातत्त्व वा नृतत्व वा अभिलेख विज्ञानमा डिग्री वा डिप्लोमा उत्तीर्ण।

३९. **शिक्षा, परीक्षण तथा मूल्याङ्कन, कर्मचारी परीक्षण तथा मूल्याङ्कनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मनोविज्ञानमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

**(आ) संघीय संसद सेवातर्फ**

संघीय संसद सचिवालय ऐन, २०६४ को दफा २० बमोजिम अयोग्य नभएको हुनुका साथै संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम १४ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।

**इलेक्ट्रिकल इञ्जिनियर, संघीय संसद, प्राविधिकः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ्ग वा पावर सिस्टम इञ्जिनियरिङ्ग वा पावर सिस्टम म्यानेजमेन्ट वा पावर सिस्टम प्रोडक्सन वा पावर सिस्टम नेटवर्क वा पावर कन्ट्रोल सिस्टम वा इलेक्ट्रिक सिस्टम इञ्जिनियरिङ्ग वा पावर सिस्टम एण्ड इट्स अटोमेशन वा इलेक्ट्रिकल सिस्टम एण्ड नेटवर्क वा पावर इलेक्ट्रोनिक्स विषयमा स्नातक उपाधि हासिल गरेको।

**(इ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित देहाय बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ। दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

१. **स्वास्थ्य, ज.हे.स., मेडिकल अधिकृत, आठौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त।

२. **स्वास्थ्य, फार्मेसी, फार्मेसी अधिकृत, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक तह उत्तीर्ण।

३. **स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, पोषण अधिकृत/इन्टोमोलोजिष्ट, सातौं तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधि प्राप्त।

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन**

दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

**शैक्षिक योग्यताको मूल प्रमाणपत्र नभएको अवस्थामा दरखास्त फाराम पेश गर्न पाउने विशेष व्यवस्था**

आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विद्यालय/क्याम्पस विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज उम्मेदवार उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्रसाथ उत्तीर्ण गरिसकेको (सबै वर्ष सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरु पेश गरेमा दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यसरी दरखास्त फाराम पेश गर्ने उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणपत्रहरु जारी हुनासाथ अपलोड गनुपर्नेछ।

**एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा दरखास्त फाराम पेश गर्दा उम्मेदवारले ध्यान दिनु पर्ने कुरा**

एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा दरखास्त फाराम पेश गर्दा उम्मेदवारले दरखास्त पेश गर्न चाहेका सबै सेवा/समूह/उपसमूह र समावेशी समूहका लागि एकैपटक दरखास्त पेश गर्नुपर्नेछ।

**समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु**

(क) **आदिवासी/जनजातिका हकमाः-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) **मधेसीका हकमाः-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) **दलितका हकमाः-** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) **अपाङ्गका हकमाः-** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) **पिछडिएको क्षेत्रका हकमाः-** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७), संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टीकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात।

**(ई) स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष सूचना**

स्वास्थ्य सेवातर्फ आठौं र सातौं तहका प्रतियोगितात्मक परीक्षातर्फका पदहरुमा अनलाईन दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरुको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरुको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्ट समेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) लोक सेवा आयोग नियमावली, २०७९ नियम ६८ बमोजिम सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट **www.psc.gov.np** बाट प्राप्त गर्न सकिने छ।